संकट व्यवस्थापन केन्द्र (Crisis Management Centre) अर्घाखाँची द्वारा प्रकाशित

COVID-19 सम्वन्धि अर्घाखाँची जिल्ला स्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७/०१/१६ देखि २०७७/०२/१५ सम्म

वर्ष १ अंक २ www.daoarghakhanchi.moha.gov.np मिति २०७७/०२/१५ बिहीबार

विश्व समुदायलाई नै आतंकित र आक्रान्त बनाएको कोभिड-१९ को महामारीबाट सिङ्गो देश नै त्रसित र प्रभावित बनेको छ । वर्तमान अवस्थामा राज्यका सबै शक्ति यस रोगको विरुद्ध एकजुट भएको सन्दर्भमा यस अर्घाखाँची जिल्लाम पनि कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको अगुवाई र समन्वयमा कोरोना संक्रमण रोकथाम र नियन्त्रणको लागि विभिन्न गतिबिधीहरु संचालन भई रहेका छन । यस दोश्रो अंकमा २०७७ बैसाख १६ देखि जेष्ठ १५ गतेसम्म भए गरेका यिनै गतिविधीहरु समेट्ने प्रयास गरिएको छ । अर्घाखाँची जिल्ला समेत कोभिड-१९ को संक्रमणबाट अछुतो रहन सकेको छैन । जिल्लामा दुईजना भारतबाट आएका व्यक्तिहरुमा कोरोना संक्रमण पाइएको छ ।अर्घाखाँचीकै एक नागरिकको भारतबाट जिल्लामा आउने क्रममा बसमै मृत्यु भए पछि गरिएको निजको स्वाव परीक्षणबाट निजमा पनि कोरोना पोजेटिभ देखिएको अबस्था छ । यस जिल्लाका धेरै व्यक्तिहरु जिविकाको लागि भारतमा रहेका र निजहरु जिल्ला प्रवेश गर्ने क्रम जारी रहेकोले कोरोना भाइरस पनि छिर्ने संभावनलाई मध्यनजर गरी COVID-19 Crisis Management Center, विपद् व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति र सबै स्थानीय तहहरु सचेत बनी निजहरुलाई क्वारेन्टीनमा व्यवस्थापन गरी राखे कार्य जारी नै छ भने कोरोना पोजेटिभ देखिएका २ जनाको आईसोलेशनमा राखी उपचार भै राखेको छ ।



प्र.जि.अ. ज्यूबाट क्वारेन्टाईन निरीक्षण

सिङ्गो मानव समुदाय माथि आक्रमण गरिरहेको कोभिड-१९ को संक्रमणलाई रोकथाम र नियन्त्रण गर्न जिल्लाबाट केन्द्र र प्रदेशमा प्रतिनिधित्व गर्ने माननीय ज्यूहरु, स्थानीय सरकारका प्रमुख लगायत सबै जनप्रतिनिधिहरु, उद्योग व्यवसायी, पत्रकार लगायत सिङ्गो जिल्लावासी आम समुदायको साथ, सहयोग, सद्भाव र समर्थन रहदै आएको छ । सीमित स्रोत साधनका बावजुद कोरोना विरुद्धको मोर्चामा अग्रपंक्तिमा रहेर जोखिम मोल्दै लडिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत जनप्रतिनिधि र राष्ट्रसेवकहरुको भूमिका प्रंशसनीय नै छ ।

कोरोना संक्रमण रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले जारी गरेको निषेधादेश पूर्ण रुपमा कार्यान्वयन गरिदै आएको छ । यो विपम परिस्थितिमा जनजिविकालाई सहज र सरल बनाउन अत्यावश्यक सेवा संचालनमा सहजिकरण गरिएको छ । सरोकार निहित सबै संघ संस्था, उद्योग व्यवसायी, नागरिक समाज, संचारकर्मी सबैसंगको पटक पटकको बैठक र छलफलबाट आम नागरिकको दैनिक जीवनलाई सहज बनाउन अत्यावश्यक सेवा सोही अनुरुप व्यवस्थापन हुँदै आएको छ । निषेधादेश पालना हुने गरी विकासका गतिविधी पनि अघि बढेको छ । निषेधादेशलाई पूर्णरुपमा पालना गर्न गराउन, कोभिड-१९ को संक्रमणबाट जोगिन र समग्र जिल्लावासीलाई जोगाउन DCCMC बाट सरोकारवाला सबैसंग समन्वय र छलफल गरी क्वारेन्टीन व्यवस्थापन, आइशोलेसन व्यवस्थापन, स्वास्थ्य सामाग्रीको व्यवस्थापन गरिदै आइएको छ । Patient Receiving Team परिचालन गरी क्वारेन्टीन स्थलबाट आइसोलेसन स्थानसम्म कोरोना पोजेटिभ देखिने बिरामीलाई ल्याउने व्यवस्था मिलाइएको छ । एम्बुलेन्सको लगत अद्यावधिक गरी आवश्यकतानुसार प्रयोग भइरहेको छ । भारतबाट आउने सीमामा अलपत्र परेका नागरिकहरुलाई उद्धारका लागि सम्बन्धित स्थानीय तहसंगको समन्वयमा पास उपलब्ध गराउँदै आइएको छ ।

## परिचालित जिल्ला स्तरीय COVID-19 Crisis Management Committee

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री विजयराज पौडेल, प्र.जि.अ. | अध्यक्ष | ९८५७००७७७७ |
| २. | सुमन थापा सेनानी रामवाण गुल्म | सदस्य | ९८५७०६६४७३ |
| ३. | श्री प्रकाश बिष्ट, प्र.ना.उ. नेपाल प्रहरी | सदस्य | ९८५७००५५५५ |
| ४. | श्री माधव रेग्मी, स.प्र.ना.उ. ३६ नं. गुल्म | सदस्य | ९८५१२७२५३८ |
| ५. | श्री विनय चतुर्बेदी, प्र.अ.अ.रा.अ.जि.का. | सदस्य | ९८५७०६६९८८ |
| ६. | श्री डा.कपिल गौतम,मे.सु. अर्घाखाँची अ. | सदस्य | ९८४११४४४८१ |
| ७. | श्री शंकर प्रसाद भुसाल, नि.जि.स.अ. | सदस्य | ९८५७०५५२२४ |
| ८. | श्री बिक्रम थापा, स.प्र.जि.अ. | सदस्य | ९८५७०६४४५० |
| ९. | श्री पुष्पा थापा, जनस्वास्थ्य अधिकृत | सदस्य | ९८५७०८६२१४ |

# परिचालित Patient Receiving Team (PRT)

नोबेल कोरोना भाइरस रोगको संक्रमणबाट विरामी भएका व्यक्तिहरुको उपचारको लागी हस्पिटलरम्म ल्याउन सहायक प्रमुख जिल्ला अधिकारी श्री विनोद खनालको संयोजकत्वमा देहाय अनुसारको PRT गठन गरिएको छ ।

| क्र.स. | पद | नामथर | जिम्मेवारी |
|---|---|---|---|
| १. | सहायक प्रमुख जिल्ला अधिकारी | विनोद खनाल | संयोजक |
| २. | सह सेनानी | फत्ते बहादुर मगर | सदस्य |
| ३. | प्रहरी निरिक्षक | प्रकाश खत्री | सदस्य |
| ४. | सशस्त्र प्रहरी निरिक्षक | मणिकुमार पल्ली | सदस्य |
| ५. | अनुसन्धान अधिकृत | चिरिञ्जिवी बुढा | सदस्य |
| ६. | मेडिकल अफिसर | अमृत भट्टराई | सदस्य |
| ७. | जनस्वास्थ्य अधिकृत | गणेशराज पौडेल | सदस्य |



कमला मा.वि. पालीको क्वारेन्टिनमा रहेका कोरोना संक्रमित २ जना व्यक्तिलाई आईसोलेशन सेन्टरमा लैजाने क्रममा ।

## जिल्लामा उपलब्ध एम्बुलेन्सहरुको विवरण

| सि.नं. | स्थानीय तह | एम्बुलेन्स नं. | चालकको |  | एम्बुलेन्स धनी/निकाय |
|---|---|---|---|---|---|
| | | | नाम थर | फोन नं. | |
| १ | छत्रदेव गा.पा २ | लु.१झ. ३७५ | नारायण प्रसाद पाण्डे | 9867014133 | बल्कोट स्वास्थ्य चौकी |
| २ | छत्रदेव गा.पा १ | लु.१ झ. ४५९ | कृष्ण बहादुर कुंवर | 9846688412 | चिदिका स्वास्थ्य चौकी |
| ३ | शितगंगा न.पा ५ | लु.१झ. ३६५ | टामलाल बेल्बासे | 9867447100 | जुकेना स्वास्थ्य चौकी |
| ४ | शितगंगा न.पा ३ | लु.१झ. ३२३ | दिलिप खनाल | 9865451474 | ठाडा स्वास्थ्य चौकी |
| ५ | मालारानी गा.पा ३ | लु.२च. ६६ | मोती बाहदुर खनाल | 9847157549 | लुम्बिनी फाउण्डेसन खनदह |
| ६ | भूमिकास्थान न.पा | लु.१च. ८९४९ | तुल्सिराम आचार्य | 9847137633 | खिल्जी असुरकोट सेवा समाज |
| ७ | भूमिकास्थान न.पा | लु.१ झ. ३६४ | विरेन्द्र राउत | 9867273376 | हंसपुर स्वास्थ्य चौकी |
| ८ | सन्धिखर्क न.पा | लु.२च. ४२०७ | बिष्णु प्रसाद भुसाल | 9840606185 | कतार सेवा समाज |
| ९ | सन्धिखर्क न.पा | लु.१च. ५२४८ | दिपक गाहा | 9857069938 | अर्घाखाँची हस्पिटल प्रा.लि. |
| १० | सन्धिखर्क न.पा | लु.१च. ८८८५ | बोम बहादुर सन्वानि | 9847310245 | छाँया पोलिक्लिनिक |
| ११ | सन्धिखर्क न.पा | लु.१च. २८७२ | दिपक भुसाल | 9863058683 | नेपाल रेडक्रस सोसाईटी |
| १२ | सन्धिखर्क न.पा | लु.१च. ३५३५ | टोप बहादुर राहु | 9869365128 | भू.पु. सैनिक संघ |
| १३ | सन्धिखर्क न.पा | लु.१झ. ३३१ | सुर्य प्रसाद भट्टराई | 9857061054 | अर्घाखाँची अस्पताल |
| १४ | सन्धिखर्क न.पा | लु.१झ. २४० | टुक बहादुर थापा | 9842832276 | वाङ्गला स्वास्थ्य चौकी |

**निषेधादेशको पालना गरौं, कोरोनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।**

## Contact Tracing समिति

कोभिड-१९ को संक्रमण बढ्दै गैरहेको अवस्थामा जिल्लामा संक्रमितको सम्पर्कमा आउने व्यक्तिहरुको शिघ्र पहिचान गरी निजहरुलाई क्वारेन्टिनमा राख्न र संभावित जोखिमलाई न्यूनीकरण गर निम्नानुसार Contact Tracing समितिको गठन गरिएको छ ।

| | | |
|---|---|---|
| १ | स्वास्थ्य कार्यालय प्रमुख | संयोजक |
| २ | जिल्ला प्रशासन कार्यालय प्रतिनिधी | सदस्य |
| ३ | जिल्ला प्रहरी कार्यालय प्रतिनिधी | सदस्य |
| ४ | सशस्त्र प्रहरी बल नं. ३६ गुल्म प्रतिनिधी | सदस्य |
| ५ | नेपाल रेडक्रस सोसाईटी प्रतिनिधी | सदस्य |



भूमिकास्थान नगरपालिकामा रहेका क्वारेन्टिनको अनुगमन गर्दै प्रमुख जिल्ला अधिकारी, प्रहरी नायब उपरीक्षक र रेडक्रस सभापति ।

## जिल्लामा निमार्णमा भएका Quarantine र Isolation स्थलहरु

| | | क्वारेन्टिन | | | | आईसोलेशन | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स | स्थानिय तह/अस्पताल | वेड | विरामी सुरुदेखी | डिस्चार्ज | हाल रहेका | वेड | विरामी सुरुदेखी | डिस्चार्ज | हाल रहेका |
| १. | सन्धिखर्क न.पा. | ४६८ | ४६८ | ६४ | ४०४ | ४५ | १३ | ११ | २ |
| २. | भुमिकास्थान न.पा. | ८०० | ८६८ | ८० | ७८८ | - | - | - | - |
| ३. | शितगंगा न.पा. | ७२८ | ७६६ | ६५ | ७०१ | - | - | - | - |
| ४. | छत्रदेव गा.पा. | २४० | २५१ | १९ | ३२३ | ४ | - | - | - |
| ५. | पाणिनी गा.पा. | २८० | २८२ | २१ | २६१ | - | - | - | - |
| ६. | मालारानी गा.पा. | ६८० | ७३४ | १३६ | ५९८ | - | - | - | - |
| ७. | अर्घाखाँची अस्पताल | - | - | - | - | २ | - | - | - |
| | **जम्मा** | **३१९६** | **३३६९** | **३८५** | **२९८४** | **५१** | **१३** | **११** | **२** |

## जिल्लाका बिभिन्न स्थानीय तहबाट हालसम्म वितरित राहतको विवरण ।

| क्र.स. | स्थानिय तह | राहत प्रास गर्ने परिवार संख्या | चामल (के.जी.) | दाल (के.जी.) | नुन (के.जी.) | तेल (लि.) |
|---|---|---|---|---|---|---|
| १. | सन्धिखर्क न.पा. | १३७७ | २७८६० | २१३५.५ | १३५५ | २०२० |
| २. | भुमिकास्थान न.पा. | - | - | - | - | - |
| ३. | शितगंगा न.पा. | १३३६ | ३३४०० | ४००८ | २६७२ | २६७२ |
| ४. | छत्रदेव गा.पा. | १०४९ | २६३८५ | २७०७.५ | १९६६.५ | १८०२ |
| ५. | पाणिनी गा.पा. | ४९२ | १४०३७.५ | १०२९ | ५९२ | ४६३.५ |
| ६. | मालारानी गा.पा. | ८४१ | २३६८५ | ८०० | ८०० | ८०० |
| | **जम्मा** | **५०९९** | **१२५३३७.५** | **१०६८०** | **७३८५.५** | **७७५९.५** |

## जिल्लाका विभिन्न स्थानिय तहको राहत कोषमा संकलित राहत विवरण

| क्र.स. | स्थानिय तह | संकलित राहत रकम रु. |
|---|---|---|
| १. | सन्धिखर्क न.पा. | ३२,२२,९५७ /- |
| २. | भुमिकास्थान न.पा. | २०,६६,४४६ /- |
| ३. | शितगंगा न.पा. | १,०१,४८,०६३।- |
| ४. | छत्रदेव गा.पा. | ५८,५९,३२१.३६ /- |
| ५. | पाणिनी गा.पा. | ३९,५४,०५८ /- |
| ६. | मालारानी गा.पा. | १,११,७१,५३६.१७ /- |
| | जम्मा | ३६,४२२,३८१.५३/- |




## जिल्ला विपद् व्यवस्थापन समिति तथा CMC अर्घाखाँचीले मिति २०७७ बैसाख १६ देखि जेष्ठ १५ सम्म गरेका कोभिड-१९ सम्बन्धि कार्यहरु

| क्र.सं. | विवरण | कार्यप्रगति |
|---|---|---|
| १. | बैठक | क. कमाण्ड पोष्ट बैठक संख्या- २।<br>ख. CCMC बैठक संख्या- ५ ।<br>ग. जिल्ला सुरक्षा समिति बैठक संख्या- ८ ।<br>घ. प्रतिनिधि सभा,राष्टिय सभा, प्रदेश सभा सदस्यज्यू हरुसंग- १ पटक ।<br>ङ. उद्योग बाणिज्य संघ, पेट्रोलियम पदार्थ एसोसिएसनसँग- ४ पटक ।<br>च. स्थानीय तहसँग- १ पटक ।<br>छ. जिल्ला विपद व्यवस्थापन समितिको बैठक- १ पठक ।<br>ज. अनौपचारिक बैठक र छलफल-१० पटक । |
| २. | क्वारेन्टाइन तथा आइसोलेसन सम्वन्धि | क. क्वारेन्टाइन बेड क्षमाता - ३१९६<br>ख. क्वारेनटाइनमा बसेको संख्या- २९८४<br>ग. आइसोलेसन बेड संख्या-५१<br>घ. आइसोलेसनमा बसेको संख्या-२ |
| ३. | COVID-19 सम्बन्धि चेक जाँच | क. संकास्पद ब्यक्तिहरुको स्वाब संकलन तथा परिक्षणको लागि बुटवल पठाइएको संख्या-१७८ (१६९ जनाको कोरोना परिक्षण नेगेटिभ रहेको, २ जनाको पोजेटिभ र ७ जनाको स्वाब परिक्षणको नतिजा आईनसकेको) ।<br>ख. RDT परिक्षण — २५५ जना मध्ये १ पोजेटिभ र बाँकी नेगेटिभ आएको । |
| ४. | राहत सामाग्री प्रास विवरण | **क. UNFPA मार्फत:**<br>➢ Dignity Kit महिलाको लागि - ३५ थान<br>➢ Dignity Kit किशोरीका लागि - १५ थान |

| | | |
|---|---|---|
| ५. | स्वास्थ्य सामाग्री वितरण विवरण | **क. Dignity Kit महिलाको लागि**<br>➢ शितगंगा न.पा.- ५ थान<br>➢ सन्धिखर्क न.पा.- ४ थान<br>➢ भूमेकास्थान न.पा.- ३ थान<br>➢ पाणिनी गाँउपालिका- ३ थान<br>➢ छत्रदेव गाँउपालिका -३ थान<br>➢ मालारानी गाँउपालिका -३ थान।<br>**ख. Dignity Kit किशोरीका लागि**<br>➢ प्रत्येक पालिकालाई २/२ थानका दरले वितरण । |

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका रचनात्मक कार्यहरु:

१. **क्वारेन्टिन संचालन तथा व्यवस्थापन -** जिल्लाका ६ वटा स्थानीय तहका १५९ स्थानमा ३१९६ क्वारेन्टिन बेड स्थापना गरिएको छ । स्थानीय तहहरुसँगको आवश्यक समन्वयमा क्वारेन्टिन संचालन तथा व्यवस्थापन समितिले क्वारेन्टिनहरुको नियमित रुपमा अनुगमन गर्दै आएको स्थानीय तहका जनप्रतिनिधी र राष्ट्रसेवकहरुको अनबरत र अहोरात्र खटाईले जिल्लामा उपलब्ध श्रोत साधनको प्रयोगबाट क्वारेन्टिन निर्माण र संचालन भैरहेको र यथाशक्य सुविधा सम्पन्न बनाउने प्रयत्न भै रहेको छ ।

२. **सुबिधा सम्पन्न आइसोलेसन सेन्टरको स्थापना-** हाल सुरुवातके चरणमा प्रदेश सरकारके सहयेगमा यस कार्यालयबाट सन्धिखर्क वडा नं १ स्थित श्री युवावर्ष रबिचित्र मा.बि हटारिनेटाको भवनमा प्राबिधिक एबं सुरक्षाको दृष्टिकोणले उपयुक्त देखिएकोले ४५वार्डको सुबिधा सम्पन्न आइसोलेसन सेन्टरको निर्माण गरिएको छ। सेन्टरमा इन्टरकम, इन्टरनेट एबं CCTV क्यामेरा जडान गरिएको छ।



*आईसोलेशन सेन्टरमा रहेका कोरोना संक्रमित बिरामीको अबस्था बुझ्दै प्रमुख जिल्ला अधिकारी श्री बिजयराज पौडेल ।*




*स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै प्रतिनिधी सभा सदस्य माननीय टोप बहादुर रायमाझी*

३. **शव व्यवस्थापन-** मिति २०७७/०२/०९ गते भारतबाट अर्घाखाँची फर्कदै गर्दा बसमै निधन भएका भुमिकास्थान नगरपालिका वडा नं ९ का कृष्ण बहादुर गैरेको स्वास्थ्य कार्यालय कपिलवस्तुबाट स्वाब परिक्षणका लागि भैरहवा पठाईएको र मिति २०७७/०२/११ गते निजको शवलाई सन्धिखर्क वडा नं १ मा ब्यबस्थापन गर्न सहजीकरण गरिएको।

४. **विरामी उद्धार-** मिति २०७७/०२/१२ गते पाणिनी गाँउपालिका वडा नं. ८ को कमला मा.बिको क्वारेन्टिनमा रहेका भारतबाट आएका दुईजना व्यक्तिको PCR पोजेटिभ आएकोले निजहरुको उपचारलाई प्रभाबकारी बनाउन सन्धिखर्क वडा नं १ स्थित श्री युवाबर्ष रबिचित्र मा.बि हटारिनेटामा निर्माण गरिएको आइसोलेसन सेन्टरमा Patient Receiving Team को संयोजक स.प्र.जि. विनोद खनालको नेतृत्वमा पूर्ण सुरक्षा सतर्कता अपनाई ल्याई तत्काल उपचार सुरु गरिएको।

५. **निषेधादेशको कार्यान्वयन-** कोरोना संक्रमण नियन्त्रण र रोकथामका लागि नेपाल सरकारले जारी गरेको निषेधादेशलाई समन्वयत्मक रुपमा कार्यान्वयन गरिदै आएको छ । गृह मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नं. ५ बाट प्राप्त परिपत्र र निर्देशानुसार अत्यवश्यक सेवालाई सहज र बिकास निर्माण कार्यलाई सुरक्षित रुपमा सूचारु गरिएको छ । सन्धिखर्क लगायतका बजार क्षेत्रमा हुने भिडभाडलाई नियन्त्रण गर्न बिहना ७-१० बजेसम्म मात्र बजार खुल्ने व्यवस्था मिलाईएको छ । बैंक तथा बित्तिय संस्था र बीमा कम्पनीहरुलाई हप्तामा २ दिन मात्र खुल्ने गरी समय तालिका बनाई ब्यवस्थापन गरिएको छ र यी क्षेत्रमा सेवा प्रवाह गर्दा सामाजिक दुरी कायम गर्न र मास्क तथा स्यानिटाईजरको प्रयोगलाई अनिवार्य गरिएको छ ।

यस जिल्लासँग सीमाना जोडिएका तराईका जिल्लाहरुमा कोरोना संक्रमणको दर बढ्दो देखिएकोले अर्घाखाँची उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्स र तरकारी तथा फलफूल व्यवसायीको छलफल र समन्वयमा ति जिल्लाहरुबाट हरियो तरकारी र फलफुलको आयतलाई अर्को सूचना जारी नहुँदा सम्मको लागि निषेध गरिएको छ ।

६. **सरोकार निहित पक्षसँग छलफल-** कोभिड-१९ को संक्रमण, रोकथाम र नियन्त्रणको लागि जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रदेशका माननीय ज्यूहरु, जिल्ला स्थित सबै स्थानीय तहरु, राजनितिक दल, यातयात व्यवसायी, उद्योग बाणिज्य संघ, चेम्बर अफ कमर्श, पेट्रोलियम पदार्थ व्यवसायी, औषधी व्यवसायी, दुग्ध उत्पादन तथा वितरण समिति, पत्रकार महासंघ लगायत जिल्लामा संचालित गैरसकारी संघ संस्थाहरुसँग नियमित रुपमा बैठक र छलफल आयोजना गरिदै आएको छ ।जिल्लामा अत्यवश्यक खाद्यन्न र ईन्धनको सहज आपूर्ती भै रहेको छ ।



जिल्ला विपद व्यवस्थापन समितिको बैठक

## बजार अनुगमन

१. कोभिड-१९ को संकटको बेला बजारमा हुनसक्ने कालोबजारीलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा घरेलु तथा साना उद्योग विकास समिति र सम्बन्धित स्थानीय तहको सहकार्यमा अनुगमन तिब्र पारिएको छ ।

२. सन्धिखर्क नगरपालिका, उद्योग वाणिज्य संघ र चेम्बर अफ कमर्सको सहकार्यमा जिल्लामा कम्तिमा ४ महिनाको लागि पुग्ने गरी खाद्यान्न मौज्दात राख्न निर्देशन गरिएको ।

३. बालोबजारी नियन्त्रण गर्न उद्योग वाणिज्य संघलाई उद्योगी, व्यापारीहरुलाई मूल्यसूची टाँस गर्न लगाइएको ।

४. ग्याँसको अभाव हुन नदिन ग्याँस कम्पनी र जिल्ला भित्रका ग्याँस विक्रेताहरुसँग निरन्तर समन्वय गरी बजारमा प्रयाप्त मात्रामा ग्याँसको व्यवस्था गरिएको ।

५. औषधी व्यावसायीसँग छलफल गरी जिल्लामा औषधीको कमी हुन नदिएको ।

६. जिल्लामा अत्यावश्यक सेवामा सञ्चालित सवारी साधनहरुलाई इन्धनको अभाव हुन नदिन यथेष्ट मौज्दात राख्न साथै सवारी साधनलाई सहज रुपमा इन्धन उपलब्ध गराउन निर्देशन दिइएको ।

प्रकाशक

**जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची**

**District Covid-19 Crisis Management Center (DCCMC), Arghakhanchi**

**E-mail:- daoarghakhanchi@moha.gov.np**

**फोन नं. 077-420133, 420731, 420208**

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र कोरोना महामारीसँग लडि रहेको छ । केन्द्र, प्रदेश, जिल्ला तह, स्थानीय तह लगायत सम्पूर्ण पक्षबाट भैरहेको निर्देशन, सुझाव, उचित व्यवस्थापन, परामर्श, समन्वय र सहयोग प्रति जिल्ला संकट व्यवस्थापन केन्द्र अर्घाखाँची हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा पनि रोगलाई जित्न यसरी नै सहयोग र सद्भावको लागि हार्दिक अपिल गर्दछ ।